NEPALI

# भारतको संविधान

## उद्देशिका

हामी भारतका जनता भारतलाई एउटा [1][**सम्पूर्ण-प्रभुत्व सम्पन्न समाजवादी पन्थ निरपेक्ष लोक तन्त्रात्मक गणराज्य**] बनाउनको लागि, तथा यसका समस्त नागरिकका सामाजिक, आर्थिक अनि राजनैतिक **न्याय, विचार, अभिव्यक्ति, विश्वास, धर्म** अनि उपासनाको **स्वतन्त्रता,** प्रतिष्ठा अनि अवसरको **समानता** प्राप्त गराउनको लागि तथा ती सबमा व्यक्तिको गरिमा अनि [2][राष्ट्रको एकता अनि अखण्डता] सुनिश्चित गर्ने **बन्धुता** बढ़ाउनको लागि।

दृढ़ संकल्प भएर **आफ्नो यस संविधान सभामा** आज तारीख २६ नोभेम्बर १९४९ ई. (मिति मार्गशीर्ष शुक्ल सप्तमी, सम्वत् दुई हजार छ विक्रमी) मा **एतद्द्वारा यस संविधानलाई अंगीकृत, अधिनियमित अनि आत्मार्पित गर्दछौं।**

---

१. संविधान (बियालीसौं संशोधन) अधिनियम, १९७६ को धारा २ द्वारा (३.१.१९७७ देखि) ''प्रभुत्व सम्पन्न लोक तन्त्रात्मक गणराज्य'' को स्थानमा प्रतिस्थापित।

२. संविधान (बियालीसौं संशोधन) अधिनियम, १९७६ को धारा २ द्वारा (३.१.१९७७ देखि) ''राष्ट्रको एकता'' को स्थानमा प्रतिस्थापित।